वेदकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.२०७८।०७९
च.नं.

मिति : २०७८।११।२९

## सूचना ! सूचना ! ! सूचना ! ! !

**विषय: भवन नियमित तथा अभिलेखिकरण सम्वन्धि सार्वजनिक सूचना ।**

उपरोक्त सम्बन्धमा यस वेदकोट नगरपालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ (२) बमोजिम तथा वेदकोट नगरपालिकाको प्रशासकिय कार्यबिधि नियमित गर्ने ऐनको दफा (४) बमोजिम नगरकार्यपालिकाबाट पारित भवन नियमित तथा अभिलेखिकरण सम्वन्धी, कार्यविधि २०७८ बनाई जारी गरेको छ । उक्त कार्यविधि तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ७ को दफा ४२ को अधिनमा रहि स्थानीय सरकार संचालन ऐन २०७४ प्रारम्भ हुनु भन्दा पहिले प्रचलित कानून बमोजिम नक्सा पास गर्नुपर्ने नक्सा पास नगरी बनेका तथा पास भएको नक्सामा स्वीकृति वेगर हेरफेर गरी बनाएको भवनको हकमा भवन निर्माण सम्वन्धी मापदण्ड पालना भएको हकमा मात्र लागू हुनेगरी देहायका प्रावधान बमोजिम पुरानो घरनक्सा नियमन तथा अभिलेखिकरण सम्वन्धि यो सार्वजनिक सूचना सम्वन्धित सवैको जानकारीकालागि प्रकाशित गरिएको छ ।

- पुराना भवनको नक्सा नियमित तथा अभिलेखिकरण गर्ने कार्य एक पटकको लागि मात्र लागु हुनेछ ।
- पुराना भवनहरुको नक्सा नियमित तथा अभिलेखिकरण गर्ने कार्यका लागि हालको सडक मापदण्ड र भवनको चारैतिरको Setback मिलेको हुनुपर्ने छ ।
- मुख्य बजार क्षेत्रमा दुबैतर्फ टासेर भवन निर्माण गर्न दिने भन्ने शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड २०७२ को दफा १३.७ अनुसार ५ (पाँच) तला सम्म स्वीकृती प्रदान गर्न सकिने भन्ने प्रावधान भएको हुँदा हाललाई मुख्य बजार क्षेत्रमा जोडिएका भवनलाई ३ तला सम्म अभिलेखिकरण गर्ने र सो भन्दा माथी भएमा Structural Report का आधारमा उपयुक्त देखिएमा भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाण पत्र दिने ।
- Load bearing भवन को हकमा २ तल्ला सम्म मात्र अभिलेखीकरण स्विकृती दिने ।
- अन्य कुराको हकमा यस नगरपालिकाले स्विकृत गरेको भवन नियमित तथा अभिलेखिकरण सम्वन्धी, कार्यविधि २०७८ बमोजिम हुनेछ ।
- थप जानकारीको लागि यस नगरपालिकाको योजना शाखामा सम्पर्क गर्नुहोला ।

११।२९

..............................

अमर महरा
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत